# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

# नवनियुक्त डेपुटी गभर्नरद्वयको स्वागत

नवनियुक्त डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको स्वागतमा फागुन २० गते बिहीबार बालुवाटार कार्यालयमा एक कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले उहाँहरुलाई पुष्पगुच्छा सहित स्वागत गर्दै बधाई दिनुभयो ।



कार्यक्रमका प्रमुख अतिथि गभर्नर डा. नेपालले उक्त अवसरमा सारपूर्ण मन्तव्य राख्नुभयो । सबै कार्यकारी निर्देशकहरु योग्य र उत्कृष्ट रहे पनि डेपुटी गभर्नर दुईजना मात्र रहने व्यवस्था रहेको उल्लेख गर्दै उहाँले आपसी सौहार्दता र सदाशयतामा जोड दिँदै बैंकको काममा सबैबाट पूर्ण सहयोग रहने अपेक्षा गर्नुभयो ।

गभर्नर डा. नेपालले भूकम्प र नाकाबन्दीको असर पछिको जटिल परिस्थितिमा डेपुटी गभर्नरहरुको नियुक्ति भएको बताउनु भयो । विभिन्न कारणले रोकिएका कार्यहरु अब तदारुकताका साथ अगाडि बढ्ने जानकारी दिँदै उहाँले बैंकका साम्नु रहेका अवसर र चुनौतीहरु बारे प्रकाश पार्नुभयो । विकास निर्माण कार्यहरुले गति लिएपछि अधिक तरलताको अवस्था नरहने, विस्तारै अर्थ व्यवस्थामा सन्तुलन कायम हुने र आगामी असारसम्ममा मूल्य वृद्धि एकल विन्दुमा रहने धारणा पनि उहाँले राख्नुभयो ।

देशको मौद्रिक र वित्तीय प्रणालीका सम्बन्धमा नेपाल राष्ट्र बैंक एक जिम्मेवार निकायको रुपमा रहेकोले यसका काम कारवाहीहरु सन्तुलित, प्रविधिमैत्री र स्तरीय हुनुपर्ने गभर्नर डा. नेपालले उल्लेख गर्नुभयो । उहाँले नवनियुक्त डेपुटी गभर्नरहरुले बैंकलाई आधुनिकतातर्फ लैजाने आशा पनि व्यक्त गर्नुभयो ।



सो कार्यक्रममा नवनियुक्त डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले आफू डेपुटी गभर्नर भएकोमा अत्यन्त हर्षविभोर र उत्साहित भएको जानकारी दिँदै बैंक प्रवेश पछिका क्षणहरुको स्मरण गर्नुभयो । विगतमा ट्रेड युनियनिष्ट समेत रहेको आफ्नो भूमिका फेरिएको बताउँदै

उहाँले चुनौतीका बीच सम्भावनाहरुको खोजी गरी वित्तीय स्थायित्वका लागि सबैको साथ लिएर अगाडि बढ्ने




बताउनु भयो । नवनियुक्त डेपुटी गभर्नर शिबराज श्रेष्ठले कार्यक्रमलाई सम्बोधन गर्दै देशको वर्तमान आर्थिक अवस्थाको पेस गर्नुभयो । उहाँले बैंक र वित्तीय क्षेत्रको सुदृढीकरणका लागि इमान्दारीका साथ काम गर्ने प्रण गर्नुभयो ।

उहाँहरु दुवैजनाले मन्तव्यका क्रममा आफ्नो नियुक्तिप्रति नेपाल सरकार, गभर्नर र मन्त्रिपरिषद्लाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । उहाँहरुलाई फागुन १९ गते बसेको मन्त्रिपरिषदको बैठकले डेपुटी गभर्नरमा नियुक्त गरेको थियो ।

कार्यक्रममा सामान्य सेवा विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाले हरेक क्षेत्रमा पुनर्संरचनाको आवश्यकता औंल्याउँदै नवनियुक्त डेपुटी गभर्नरहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्नु भएको थियो । गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डितले सञ्चालन गर्नु भएको सो कार्यक्रममा बैंकमा रहेका चारवटै युनियनका अध्यक्षहरुले पनि बोल्नु भएको थियो । कार्यक्रममा बैंकका कार्यकारी निर्देशकहरु, निर्देशकहरु लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**२०७२ फागुन २०, बिहीबार** **गभर्नरको कार्यालय**